# लोक सेवा आयोग

## मध्यमाञ्चल क्षेत्रीय निर्देशनालय, नयाँ बानेश्वर

## बोलपत्र आव्हान सम्बन्धी सूचना

*(प्रथम पटक प्रकाशित मिति : २०७३/०९/६)*

यस निर्देशनालयलाई आ.व. ०७३/०७४ मा आवश्यक पर्ने उत्तरपुस्तिका तथा कार्यालय सामान र मसलन्द बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इजाजत प्राप्त इच्छुक फर्म, कम्पनी वा संस्थाहरुबाट देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

| बोलपत्र नं. | बोलपत्रको विषय | बोलपत्र फाराम खरिद गर्ने अन्तिम मिति | बोलपत्र दर्ता गर्ने अन्तिम मिति | बोलपत्र खोल्ने मिति, समय र स्थान | बोलपत्र जमानत वापत राख्नुपर्ने रकम | बोलपत्र फाराम दस्तुर |
|---|---|---|---|---|---|---|
| ००१/०७३/०७४ | उत्तरपुस्तिका छपाई तथा खरिद | २०७३।१०।६ गते कार्यालय समयभित्र । | २०७३।१०।०७ गते दिनको १२:०० बजेभित्र | २०७३।१०।०७ गते दिनको २:०० बजे यस निर्देशनालयको कार्यालय | ४८०००।- | रु. १०००।- |
| ००२/०७३/०७४ | कार्यालय सामान तथा मसलन्द खरिद | २०७३।१०।६ गते कार्यालय समयभित्र । | २०७३।१०।०७ गते दिनको १२:०० बजेभित्र | २०७३।१०।०७ गते दिनको २:०० बजे यस निर्देशनालयको कार्यालय | ७३०००।- | रु. १०००।- |

१. उपरोक्त बोलपत्रमा सहभागी हुन इच्छुक ,फर्म, उद्योग, कम्पनी, संस्थाले चालु आ.व. को लागि नवीकरण भएको फर्म दर्ता प्रमाणपत्र, स्थायी लेखा दर्ता प्रमाणपत्र, मू.अ.कर दर्ता प्रमाणपत्र र आ.व. ०७२/०७३ को कर चुक्ता प्रमाणपत्रहरुको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपीहरु संलग्न राखी लिखित निवेदन साथ (प्रत्येक प्याकेजको लागि) रु. १०००।- (पछि फिर्ता नहुने गरी) तिरी यस निर्देशनालयको जिन्सी फाँट तथा लोक सेवा आयोग केन्द्रिय कार्यालयको जिन्सी भण्डारबाट समेत बोलपत्र फाराम खरिद गर्न सकिनेछ । बोलपत्र यस निर्देशनालयको जिन्सी फाँटमा नै पेश गर्नुपर्नेछ ।

२. बोलपत्र पेश गर्दा माथि उल्लिखित रकम बराबरको कम्तीमा १२० (एक सय बीस दिन मान्य अवधि भएको बोलपत्र जमानत (विडवण्ड) वापत बैंक ग्यारेन्टी वा नगदै धरौटी जम्मा गर्न चाहने बोलपत्रदाताले उल्लिखित धरौटी खातामा रकम जम्मा गरेको सक्कलै बैंक भौचर बोलपत्र साथ संलग्न गर्नुपर्नेछ ।

**धरौटी रकम नगद जम्मा गर्ने खाता सम्बन्धी विवरण**

**बैंकको नाम: राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, शाखा कार्यालय, ठमेल ।**
**कोष तथा लेखा नियन्त्रक कार्यालय भुक्तानी केन्द्र नं. ३, लाजिम्पाट**
**कार्यालय कोड नं.: २७-२१०-०२**
**बैंक खाता नं. ००२०३००००००**

३. बोलपत्र फाराम खरिद गर्ने, दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्य विदा पछि कार्यालय खुलेको दिन सोही समयमा गरिनेछ ।

४. बोलपत्र फाराम माथि उल्लिखित मिति र समयमा उपस्थित बोलपत्रदाताहरु वा अधिकार प्राप्त प्रतिनिधिहरुको रोहवरमा (बोलपत्रदाता/प्रतिनिधि उपस्थित नभए पनि) यस निर्देशनालयको कार्यालयमा खोलिनेछ ।

५. बोलपत्र फाराममा अंक र अक्षर दुवैमा उल्लेख गर्नुपर्नेछ । अंक र अक्षर फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ ।

६. रीत नपुगेको, म्याद नाघि वा शर्त राखी पेश भएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

७. कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस निर्देशनालयमा निहित हुनेछ ।

८. यस सूचनामा उल्लेख गरिए बाहेक अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानून अनुसार हुनेछ ।

९. बोलपत्र सम्बन्धी थप जानकारीको लागि लोकसेवा आयोगको वेवसाइट www.psc.gov.np हेर्न तथा यस क्षेत्रीय निर्देशनालयको जिन्सी फाँट वा फोन नं. ०१-४११५८३१ मा सम्पर्क राख्न सकिनेछ ।